स्वावलम्बन
Self-reliance
शहरी गरीबहरुको लागि समाज (सुप) द्वारा प्रकाशित
वर्ष १२ अंक १७
वि.सं. २०७० असोज/ने.सं. ११३३/ई.सं. : २०१३

## विकास परिवर्तनको लागि सामाजिक परिचालन तालिम

शहरी गरिबहरूको लागि समाज (सुप) को आयोजनामा कोर इन्टरनेशनलको सहयोगमा मिति २०७० असार २७ गते देखि ३० गतेसम्म विभिन्न संघ संस्थाका सामाजिक कार्यकर्ताहरू लगायत सुप कर्मचारिहरूको लागि चारदिने "विकास परिवर्तनको लागि सामाजिक परिचालन तालिम (रिफ्लेक्ट विधिको सहयोगमा)" सानेपा स्थित "सुप"को तालिम हलमा सम्पन्न गरियो । यस तालिममा १५ जना महिला तथा ६ जना पुरुष गरि जम्मा २१ जना सहभागी रहेको थियो । "सुप" संस्थाका सहयोगी सदस्य डा. कमल फुयाँल र श्री महन्तबाबु महर्जनले तालिमको सहजकर्ताको भूमिका निभाउनु भएका थिए । यस तालिमको मुख्य उद्देश्य सामाजिक परिवर्तनका लागि कार्यरत सहजकर्ताले कसरी विद्यमान समाजलाई रिफ्लेक्ट विधि अपनाएर सामाजिक परिवर्तन गरेर गरिबी न्यूनिकरणको लागि कस्तो भूमिका निभाउन सकिन्छ भन्ने थियो । जस अन्तरगत तालिम अवधि भरि सहजीकरण किन र कसरी, सहभागितामूलक विधिहरुको परिचय, साक्षरता सहितको रिफ्लेक्ट अभ्यासको परिचय तथा साधारण बचत तथा ऋण कार्यक्रमको बारे छलफल, अभ्यास, पुनः ताजगी र उर्जापूर्ण गीत संगीतको माध्यमबाट तालिम सम्पन्न गरियो । अन्तमा सहभागिहरुद्वारा समष्टिगत रुपमा तालिम प्रभावकारी भएको र आफूमा भएको कमीकमजोरीहरु हटाई सकारात्मक परिवर्तन ल्याउने प्रतिबद्धता जाहेर गरि तालिमको समापन गरियो ।



## सुप सहयोगी सदस्य परिचय

### शिशिर दंगाल



सिन्धुपाल्चोक जिल्लाको सानोसिरुवारी गा.वि.स. वडा नं. ६ मा जन्मनु भएका शिशिर दंगाल हाल काठमाडौंमा एक्सिस प्रिन्टिङ्ग सर्भिस सञ्चालन गर्दै आई रहनु भएको छ ।

मन्दिरमा पूजा गरेर धर्म कमाईन्छ भन्ने यो समाजमा चलिआएको चलनचल्तीमा मलाई पूर्ण विश्वास छैन बरु समाजमा पिछडिएका, गरीब जनताहरुलाई केही गर्न सक्नु नै घर्म हो । लक्ष्मी प्रसाद देवकाटोको "यात्री कविता"मा भने झैं समाज सेवा नै सबैभन्दा ठूलो धर्म हो ।

मैले आफ्नो कम्पनीको कामको सिलसिलमा सुपसंस्था जाँदा सुपसंस्थामा कार्यरत विद्यालक्ष्मी दिदीसंग भेट भयो । भेटघाटको क्रममा दिदीले मलाई यस संस्थाबारे केही जानकारी दिनुभयो । यो संस्था विदेशीहरु भन्दा पनि नेपालीहरुको सहयोगबाट चलेको संस्था रहेछ जुन निकै प्रशंसनीय छ । किनकी नेपालमा विदेशी संस्थाको सहयोगबाट चलेको संस्था धेरै छ र नेपालीहरुको सहयोगबाट चलेका संस्था न्यून छ ।

यस संस्थाको केही जानकारी पाईसकेपछि मलाई पनि यस संस्थाप्रति केही सहयोग गर्न मन लाग्यो र २०६८ सालदेखि सहयोगी सदस्य भई यस संस्थालाई आफूले सक्दो सहयोग गर्दै आईरहेको छु र भविष्यमा पनि सहयोग गर्नेछु । मलाई विश्वास छ अव आउने दिनमा पनि गरीब जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति दिई उनीहरुको सुन्दर भविष्य निर्माण गर्न यस संस्था सफल हुनेछ ।

अन्तमा यस संस्थाबाट छात्रबृत्ति पाई एसएलसी पास हुनु भएका सम्पूर्ण विद्यार्थीहरुलाई सुन्दर भविष्यको शुभकामना व्यक्त गर्न चाहन्छु ।

## छात्रवृत्ति कार्यक्रम

सुप संस्थाको आफ्नो कार्यक्षेत्रको समुदायमा रहेका र त्यसभन्दा बाहिरका पढ्नमा जेहेन्दार तथा घरको आर्थिक अवस्थाले पढ्नमा वञ्चित भएका विद्यार्थीहरुलाई निरन्तर रूपमा छात्रवृत्ति प्रदान गरिदै आएकोछ। गतवर्ष काठमाडौं, कीर्तिपुर, ललितपुर र हेटौंडामा गरी जम्मा ११५ जना विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरिएको मध्ये १४ जना विद्याथीहरू एस.एल.सी. परीक्षामा सम्मिलित भएका थिए जसमध्ये ९ जना पहिलो श्रेणीमा, ३ जना दोस्रो श्रेणीमा उर्त्तिण भएका छन्।

यस वर्ष पनि पुरानो र नयाँ विद्यार्थीहरू गरी ११५ जना विद्यार्थीहरुलाई छात्रवृत्ति दिई छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइएको छ। ११५ जना विद्यार्थीहरु विभिन्न २२ वटा विद्यालयमा अध्ययनरत छन्।

जस मध्ये ३० जना विद्यार्थीहरु का.म.न.पा.वडा नं. २१, गोफल स्थित युथ कर्नर क्लबसंग सहकार्य गरि छात्रवृत्ति प्रदान गरिएको छ। हेटौंडाका ३ जना विद्यार्थीहरूलाई पेट्रोन नेपाल नामक संस्थासंग सहकार्य गरिएको छ भने ५ जना विद्यार्थीहरूको लागि भ्याइस अफ चिल्ड्रन नामक संस्थासंग सहकार्य गरि छात्रवृत्ति प्रदान गरिएको छ।

**"सुप"** संस्थाद्वारा सञ्चालित यस छात्रवृत्तिको लागि सुप सहयोगी सदस्यहरू (नेपाली तथा विदेशी नागरिक), CORE International तथा Scandinavian Help बाट सहयोग प्राप्त भएको छ।

## उत्तीर्ण छात्र-छात्राहरू



सजिनी महर्जन
प्रथम श्रेणी,
श्री सरस्वती निकेतन मा.वि., वन्दे, काठमाडौं
(सहयोगी सदस्य- वेनकण्ठ श्रेष्ठ)



रिमा गुरुङ्ग
प्रथम श्रेणी,
विश्व निकेतन मा.वि.
(सहयोगी सदस्य- कुमार सिलवाल)



कुमार तामाङ्ग
प्रथम श्रेणी,
विश्व निकेतन मा.वि.
(सहयोगी सदस्य- मिचिल्ले लि)



दिक्षा लामिछाने
प्रथम श्रेणी,
श्री सरस्वती निकेतन मा.वि.
(सहयोगी सदस्य- शारदा रिजाल)



सलिमा महर्जन
प्रथम श्रेणी,
श्री सरस्वती निकेतन मा.वि., काठमाडौं
(सहयोगी सदस्य- करुणा स्थापित)



रोयल डंगोल
प्रथम श्रेणी,
श्री सरस्वती निकेतन मा.वि., काठमाडौं
(सहयोगी सदस्य- शिवानी श्रेष्ठ)

### हार्दिक बधाई

"सुप" संस्थाद्वारा प्रदान गरिदै आएको छात्रवृत्ति कार्यक्रम अन्तर्गत २०६९ सालको (S.L.C) प्रवेशिका परीक्षामा उत्तीर्ण हुनुभएका छात्र-छात्राहरूलाई यस "सुप"संस्था **हार्दिक बधाई** ज्ञापन गर्नुका साथै उज्जवल भविष्यको कामना गर्दछ।



अनिष खड्गी
प्रथम श्रेणी,
नवयुग मा.वि., दलाक्षी, काठमाडौं
सहयोगी सदस्य-CORE International)



रोजी श्रेष्ठ
प्रथम श्रेणी,
परोपकार मा.वि., काठमाडौं
(सहयोगी सदस्य-CORE International)



सुबल सिं डिमडुङ्ग
प्रथम श्रेणी,
श्री चन्दिका उच्च मा.वि., हेटौडा
(सहयोगी सदस्य-WHF Friends of Children)



सविता लामा
द्वितीय श्रेणी,
ज्ञानोदय मा.वि., कालिमाटी
(सहयोगी सदस्य-ईश्वरी श्रेष्ठ)



दुर्गा पाण्डे
द्वितीय श्रेणी,
श्री कन्या मा.वि., यट्खा
(सहयोगी सदस्य-सानुमैयाँ मानन्धर)



अनिश महर्जन
द्वितीय श्रेणी,
श्री बालकुमारी मा.वि., कीर्तिपुर
(सहयोगी सदस्य-डा.कमल फुयाँल)

## बालशिक्षा गृह, जडिबुडी



६ वर्ष अघि देखि काठमाडौंको कालिमाटीमा सफलतापूर्वक संचालित बालशिक्षा गृहको उदाहरणलाई अनुशरण गर्दै मिति २०७० सालको जेठ महिना देखि भ्वाइस् अफ चिल्ड्रनको अनुरोधमा का.म.न.पा. वडा ३५ जडिबुडीमा कोर इन्टरनेशनलको सहयोगमा न्यून आय भएका आमाबाबुहरुको बालबालिकाको लागि अनौपचारिक कक्षा (स्कूल तयारी कक्षा) संचालन गरियो। उक्त बालशिक्षा गृहमा जम्मा २१ जना बालबालिकाहरु दैनिक १०:०० बजे देखि ३:०० बजेसम्म पढ्नको लागि आउने गर्दछन्। यहाँका अभिभावकहरु धेरै जसो दैनिक ज्यालादारीमा काम गर्ने कामदारहरु हुनुहुन्छ। जसले गर्दा स्कूल जाने उमेर पुगेका तर स्कूल नगएको अवस्थामा सुप संस्थाद्वारा त्यस्ता बालबालिकाहरुलाई एकत्रित गरि स्कूल तयारी कक्षा संचालनका साथसाथै व्यवहारिक शिक्षा प्रदान गर्ने गरिन्छ। जसले गर्दा एकातिर आमाबाबुलाई काममा जान सजिलो भएको छ भने अर्को तिर बालबालिकाहरुको पढ्न पाउनु पर्ने अधिकार सुनिश्चित भएको महशुस गरिएको छ। यी बालबालिकाहरुलाई एकवर्षको स्कूल तयारी कक्षापछि अर्को वर्ष नजिकैको सरकारी विद्यालयमा छात्रवृत्ति स्वरुप भर्ना गरिदिने लक्ष्य लिएको छ।



## बालशिक्षा गृह, कालिमाटी

कोर इन्टरनेशनलको सहयोगमा वि.सं. २०६४ साल देखि "सुप" संस्थाद्वारा बालशिक्षा गृह सञ्चालन गर्दै आएको छ। जसमा आर्थिक रुपले विपन्न वर्ग र पारिवारिक समस्या तथा विभिन्न कारणबाट विद्यालय जान नपाएका बालबालिकाहरुलाई समेटिएको छ।

यस बालशिक्षा गृहमा बिहान १०:०० बजे देखि ३:०० बजेसम्म बालबालिकाहरुलाई स्कूल तयारी कक्षाका साथसाथै व्यवहारिक शिक्षा प्रदान गरिन्छ। जसमा बालबालिकाहरुलाई मनोञ्जनका लागि विभिन्न कार्यक्रमका साथै स्वास्थ्य परीक्षण, ऐतिहासिक स्थल भ्रमण, खेलकूद, अभिभावकहरुसंग बैठकका साथै अन्य संस्थाबाट सञ्चालन गरिएका बाल कक्षा अवलोकन पनि गराइन्छ। त्यस्तै चित्रकला र सरसफाई कार्यक्रमहरु पनि सञ्चालन गर्दै आएको छ।





यस वर्ष यस बालशिक्षा गृहबाट जम्मा ७२ जना बालबालिकाहरुले आफ्नो शिक्षा हाँसिल गर्न पाउनु पर्ने अधिकार लाई सुनिश्चित गरि सरकारी विद्यालयमा भर्ना गरिएको छ। गत वर्ष ६ जना विद्यार्थीहरुले S.L.C. उत्तिर्ण गरेका छन् भने यस वर्ष २ जना विद्यार्थीहरुले S.L.C. उत्तिर्ण गरेका छन्।

हाल २०७० सालमा कालिमाटी स्थित बालशिक्षा गृहमा १४ जना बालबालिकाहरुले विद्यालय तयारी कक्षामा संलग्न छन्। जसले गर्दा एकातिर बालबालिकाहरुको आमाबाबुलाई आफ्नो काम गर्न सजिलो हुनुको साथै बालबालिकाहरुले पढ्न पाउनु पर्छ भन्नेअधिकारबाट बञ्चित हुनु परेको छैन भने अर्को तिर बालबालिकाहरु कुलत तथा अन्य कुसंगतबाट सुरक्षित भएका छन्।

# स्वावलम्बन

## जागरण बचत तथा ऋण समूह

सुप संस्थाबाट लक्षित समुदायका महिलाहरुलाई संगठितगरी उनीहरुको व्यक्तिगत तथा सामाजिक परिवर्तनका लागि सक्षम बनाई आर्थिक स्तर उकास्न मद्दत पुऱ्याउँदै जाने उद्देश्य अनुरुप काठमाडौं महानगरपालिका वडा नं.१३ कालिमाटी तरकारी बजार वरपर वहालमा बसोबास गर्दै आएका सडक व्यापारी महिलाहरु, न्यून आय भएका घरेलु श्रमिक महिला तथा ज्यालादारी श्रमिक महिलाहरुलाई बचत तथा ऋण कार्यक्रम मार्फत समूहमा आवद्ध गरि दैनिक रुपमा बचत गराउने र चाहेको बेला न्यूनतम ब्याजमा ऋण उपलब्ध गराइ गर्दै आईरहेको कामलाई ठूलो बनाउने उद्देश्यले जागरण बचत तथा ऋण नामाकरण गरि बचत समूह स्थापन गरिएको छ।

२०६३ साल फागुन महिनामा ९ जना सदस्यहरुबाट शुरुवात भएको जागरण समूह कालिमाटीमा हाल १४० जना सदस्य संख्या पुग्न सफल भएको छ। यस जागरण समूह कालिमाटी कै सफलताकै आधारमा बल्खु, टेकूका न्यून आय भएका दैनिक ज्यालादारी काम गर्ने कवाडीमा काम गर्ने, पुनः प्रयोगिय सामान संकलनमा काम गर्ने महिलाबाट त्यहाँ पनि कालिमाटीको भैं बचत समूहको आवश्यकताको महशूस गरी सुपसंस्थालाई अनुरोध गरेपछि २०६५ साल माघ महिनामा जागरण बचत तथा ऋण समूह बल्खु, टेकू गठन गरियो। ३ जना सदस्यहरुबाट शुरुवात भएको यस समूहमा हालसम्म ९२ जना सदस्यहरु छन्।

यस जागरण बचत तथा ऋण समूह, कालिमाटीमा शुरुमा हप्ताको रु.२०।- रुपैया जम्मा गर्दै हाल दैनिक रु.५०।- देखि रु.१००।- जम्मा गर्ने क्रियाकलाप भई २०७० साल असार मसान्तसम्म जम्मा रु.९,८३,६३५।- बचत संकलन गर्न सफल भएका छन्। त्यस्तै ऋणमा रु.४,०६,१५३।- परिचालन गरेका छन्।

त्यस्तै बल्खु, टेकूको बचत समूहमा २०७० साल असार मसान्तसम्म जम्मा बचत रु.३,६८,४६७।- संकलन गर्न सफल भएका छन् भने उक्त समूहका २० जना सदस्यहरुद्वारा विभिन्न कार्यको लागि रु.३,३७,१०५।- ऋण लगानी गरेका छन्।


समूहमा दैनिक रुपमा बचत तथा ऋणको कारोबार भइरहन्छन् भने हरेक महिनाको १० गते ५ जनाको कार्य समितिको बैठक बस्ने गर्दछन्। बैठकमा समूहको मासिक हिसाब सुनाउने, नीति नियम आवश्यकता अनुसार फेर बदल गर्ने समूहमा आइपरेका





अप्ठ्यारा कुराको छलफल गर्ने, समस्याका समाधान गर्ने, दुःख सुख आदान प्रदान गर्ने र आफ्नो व्यापार व्यवसाय पेशामा आएका समस्या छलफल तथा समाधानको उपाय खोजी गर्ने गर्छन। मासिक बैठकमा नै विभिन्न ज्ञानबर्द्धक कक्षा संचालन गर्ने जस्तै स्वास्थ्य शिक्षा, संस्थागत विकास सम्बन्धि शिक्षा, बचत सम्बन्धि, शेयर सम्बन्धि शिक्षा इत्यादी। यसको साथै आय मूलक तालिम तथा स्वास्थ्य परीक्षण कार्यक्रम पनि संचालन गर्ने गर्छन्।

हाल यस जागरण समूहलाई संस्थागत रुपमा दिगो विकास गर्दै जानको लागि दुइवटा समूह कालिमाटी, बल्खु, टेकूलाई एउटै समूहमा आवद्ध गरेका छन्। साथै बचत समूहलाई दिगो तथा संस्थागत रुपमा विकास गर्न शेयर सम्बन्धित आधार भूत शिक्षा संचालन गरी सदस्यहरुको समूहमा शेयर लगानी गर्न प्रोत्साहन गरिएको छ। यसरी यस बचत समूहमा आवद्ध भएपछि सदस्यहरुले आर्थिक तथा सामाजिक परिवर्तन भएको महशुस गरेका छन्।



मिति : २०७०-४-१५

श्रीमान अध्यक्षज्यू
शहरी गरीबहरूको लागि समाज (सुप)
सानेपा, ललितपुर

विषय : आभार तथा धन्यवाद ज्ञापन

उपरोक्त सम्बन्धमा मलाई यस "सुप संस्थाबाट कक्षा १ देखि छात्रवृत्ति दिँदै आउनुभएको र हाल मेरो पोष्ट बर्न अपरेशन केशको लागि खर्च जुटाई सहयोग गरि मलाई मेरो नयाँ जीवन प्रदान गर्नुभएकोमा म यस सुप संस्थालाई हृदयदेखि नै आभार साथै धन्यवाद व्यक्त गर्दछु।

शर्मिला तामाङ
कक्षा - ३
श्री सरस्वती नि. मा. वि

## आभार व्यक्त



## जैविक कृषि तालिम







शहरी गरीबहरुको लागि समाज (सुप) को आयोजनामा कोर इन्टरनेशनलको सहयोगमा कीर्तिपुरको मच्छेगाउँ एकल महिला समूह र क्वारका नेवार समुदायका महिलाहरुलाई सक्षम बनाउने उद्देश्यले दिइएको चार महिने जैविक कृषि तथा एकिकृत मित्र जीव व्यवस्थापन तालिमको सफलता पश्चात, सुपको कार्य क्षेत्र विस्तारको क्रममा अर्को नयाँ समुदाय कीर्तिपुरको कार्की गाउँ र देवढोकामा गरि दुई वटा छुट्टाछुट्टै समुदायलाई चार महिने जैविक कृषि तालिम दिइयो।

कीर्तिपुर १५ कार्की गाउँमा मिति २०७० बैशाख २१ गते देखि चार महिने जैविक कृषि तालिम शुरु गरियो। तालिममा जम्मा ३२ जना महिलाहरु सहभागि छन्। उक्त तालिमको सहजकर्ता बिमला कार्कीले गर्नु भएको थियो।

त्यस्तै गरि कीर्तिपुर देवढोकामा मिति २०७० जेष्ठ १२ गते देखि शुरु गरिएको थियो भने जम्मा ३५ जना महिलाहरुले भाग लिएका थिए। यस समुदायमा तालिमको सहजीकरण बालानानी महर्जनले गर्नु भएको थियो।

यस चार महिने जैविक कृषि तालिममा तालिम अवधिभर हप्ताको १ पटक प्रत्येक शनिवार विहानी ६:३० बजे देखि ११:३० बजेसम्म अनिवार्य उपस्थिति भै प्रत्यक्ष रुपमा कसरी, कहाँ, कहिले बीऊ राख्ने देखि बाली नभित्रीएसम्मको सबै जानकारी सहित शत्रु जीवलाई कसरी घरेलु विषादीले नास गर्ने मित्रु जीवलाई कसरी व्यवस्थापन गरि वातावरण मैत्री कृषि बालीलाई कसरी हेरचार गर्ने आदि कुराहरुको विचारहरु आदान प्रदान गर्ने गरिएको थियो।

जस अनुरुप लगाइएको बाली जस्तैः- गोलभेंडा, काउली, काक्रो, सिमी, घिरौला, बोडी आदि छन्। उक्त बालीबाट विक्री गरि प्राप्त भएको रकम समुदायको विउ पूंजीको रुपमा जम्मा गर्ने र तालिम पश्चात समूह मिलेर कृषि व्यवसाय गर्ने सोच गरिएको छ। जस अनुरुप त्यहाँका महिलाहरुको आय आम्दानी वृद्धि हुनेछ।

## शहरी गरीबहरुको लागि समाज (सुप)

सानेपा, साँचल-२, ललितपुर

### आ.ब. ०६९।७० को वासलात बिवरण

| पूजी तथा दायित्व | यस वर्ष | गत वर्ष | सम्पती | यस वर्ष | गत वर्ष |
|---|---|---|---|---|---|
| पूजी (सदस्यता कोष ) | ३४,२२०।०० | ३४,२२०।०० | अचल सम्पति | ४७,७१,५६६।९८ | ४५,०८,६८५।७७ |
| गत बर्षको अल्या | २९,८६,९२३।१४ | २,८८५,१३१।८२ | अन्य सम्पति | ४७,०००।०० | ३१,०००।०० |
| यस बर्षको | (८१,७४७।३८) | १,०१,७९१।३२ | नगद तथा बैक मौज्दात | १५,६३,३४८।६९ | १५,९८,२२७।८४ |
| ऋण तथा भुक्तानी बाँकी | ९२,५००।०० | ९२,५००।०० | पेश्की | १५,०००।०० | ९,६५५।०० |
| भवन निर्माण कोष | ३३,६५,०१९।९१ | ३०,३३,९२५।४७ | | | |
| | ६३,९६,९१५।६७ | ६१,४७,५६८।६१ | | ६३,९६,९१५।६७ | ६१,४७,५६८।६१ |

| विद्यालक्ष्मी मानन्धर | श्रीकृष्ण महर्जन | पूर्ण बहादुर महर्जन | रामकृष्ण महर्जन |
|---|---|---|---|
| कार्यक्रम संयोजक | कोषाध्यक्ष | अध्यक्ष | लेखा परीक्षक |

# बचत समूहद्वारा सक्षम महिलाहरू

**श्यामा महत :**

दोलखा जफे वडा नं. ५ का वर्ष ४९ का श्यामा महत हाल बल्खु टेकू बचत समूहमा मिति २०६७ भदौ महिना २ गते देखि सदस्य बन्नु भएको थियो। उहाँको जम्मा ५ जनाको परिवार मा श्रीमान् हेल्पर काम गर्नु हुन्छ भने श्यामा महतले सानो चिया पसल राखी दैनिक गुजारा गरि रहेको छ।



बचत समूहको सदस्य बन्नु भए पश्चात उहाँले दैनिक रु.२५।- बचत खातामा जम्मा गर्नु हुन्छ भने उहाँले गर्दै आउनु भएको कामलाई अलि ठूलो रुप दिनको लागि उहाँले समय समयमा ऋण लिनु हुन्छ र उक्त ऋण दैनिक रुपमा नै तिर्दै जाने गर्नु भएको छ। जसले गर्दा उहाँले पहिला चिया मात्र बिक्री गर्नु हुन्छ भने हाल उहाँले चियाको साथ साथै खाजा, नास्ता र खाना समेत खुवाउन सफल हुनु भएको छ।



**देवीमाया थारु :**

मिति २०६८ साल चैत्र महिनाको २९ गते देखि सदस्य बन्नु भएको देवीमाया थारु नवलपरासी चिसापानी घर भै हाल टेकूमा आफ्ना ६ जनाको परिवारसंग बस्दै आउनु भएको छ। बचत समूहमा आउनु भन्दा पहिला उहाँ अरुको पसलमा दैनिक ज्यालादारीमा काम गर्नु हुन्थ्यो। समूहमा आउनु भएपछि उहाँले दैनिक रु.२५।- बचत गर्दै हाल उहाँले ऋण लिएर ठेलागाडामा मःमः बिक्री गरि जिविको पार्जन गर्दै आउनु भएको छ। यसरी यस बचत समूहले उहाँको जीवनमा नयाँ मोड दिएको उहाँ भन्नु हुन्छ। हाल उहाँले ३ पटकसम्म ऋण लिदै तिर्दै आफ्नो व्यापारलाई ठूलो गर्दै जानु भएको छ। यसरी बचत गर्न र ऋण लिन सजिलो भएको उहाँ बताउनु हुँदै सुप संस्थालाई धन्यवाद दिनु हुन्छ।

**राम कुमारी मानन्धर :**

मच्छेगाउँ, कीर्तिपुर एकल महिला समूहका सदस्य राम कुमारी मानन्धर दैनिक भान्छाको मात्र काममा सिमित भै गृहणीको रुपमा हुनुहुन्थ्यो। मिति २०६८ सालमा सुप संस्थाद्वारा संचालित चार महिने जैविक कृषि तालिम पश्चात कृषिलाई नै पेशाको रुपमा अपनाउने बाचाका साथ नजिकै अन्दाजी ४ रोपनी जग्गा भा( डामा लिई श्रीमान्को साथमा विभिन्न गोलभेडा, धनिया, काउली, बन्डा, गाजर आदिको खेती गरि सफल कृषकको रुपमा चिनिनु भएको छ। पहिलो वर्ष खेती गरेर आम्दानी भएको नाफालाई गोलभेडा र च्याऊ खेतीको लागि प्लाष्टिक टनेल बनाउनु भयो भने गत वर्षको नाफाबाट थोपा सिचाई प्रविधिको लागि लगानी भएको बताउनु हुन्छ। उहाँ भन्नु हुन्छ, यस वर्षको नाफा अब सबै आफ्नै हुन्छ भन्ने कुरा गर्नुहुन्छ। एकातिर सुपले दिएको कृषि तालिमलाई सदुपयोग भएको र आफ्नो जीवनमा कमाई गर्ने नयाँ तरीका जानेकोमा हृदय देखि सुप संस्थालाई धन्यवाद दिन चाहन्छु र यस्तो किसिमको तालिम अरु महिला समूहमा पनि दिन सके धेरै गृहणी महिलाहरुको आय आम्दानी बढ्ने छ।



## घरेलु फोहोरमैला व्यवस्थापन तालिम

शहरी गरीबहरुको लागि समाज (सुप) को आयोजनामा, इन्फो (ENPHO) को सहयोगमा सचेतना अभिवृद्धिद्वारा टुलकिटको कार्यान्वयन गरि घरेलु फोहोरमैला व्यवस्थापनको लागि "सरसफाई अभियानमा लागि परौं वातावरण जोगाऔं साथी हो" भन्ने नाराका साथ मिति २०६९ साल माघ महिनाको २७ गते शनिवार र २८ गते आइतबार गरि दुई दिने घरेलु फोहोरमैला व्यवस्थापन तालिम कीर्तिपुर १५ को क्वार (चुईगाउँ) मा सम्पन्न गरियो। उक्त तालिममा क्वार समुदायका जम्मा ३४ जना महिलाहरु सहभागी हुनु भएको थियो। क्वार नगरपालिका क्षेत्र भित्र पर्ने भएता पनि त्यहाँका महिलाहरुमा जनचेतनाको कमी भएको कारणले विगतमा जैविक कृषि तालिम पनि दिइएको थियो। त्यसै क्रममा कम्पोष्ट मल कृषिको लागि अति नै आवश्यक भएको कुरालाई ध्यानमा राखी यो फोहोरमैला व्यवस्थापन तालिम राखिएको थियो।

उक्त तालिम पश्चात त्यहाँका महिलाहरुले आ-आफ्नो जग्गा जमिन भएकाहरुले आ-आफ्नो जग्गामा खाल्टो कम्पोटिङ्ग र जग्गा नहुने महिलाहरुले ड्रम कम्पोष्टिङ्ग गरि आफुले गर्दै आएको कृषि व्यवसायलाई चाहिने मल आफुले नै उत्पादन गर्ने गरि घरेलु फोहोरमैला व्यवस्थापन गरेका छन्। जस अनुसार क्वार समुदायका महिलाहरु एकातिर आफुलाई चाहिने कम्पोष्ट मल किन्न नपर्ने र अर्को तिर फोहोरमैला व्यवस्थापन भएको कुराको जानकारी दिनुहुन्छ।





## होम स्टे कार्यक्रम

सुपको कोषवृद्धि कार्यक्रम अन्तर्गत पर्ने होम स्टे कार्यक्रममा यस वर्ष मिति २०६९ चैत्र १४ र १५ गते एक रात दुई दिनको लागि जापानी नागरिक तीनजना सहभागी भै विदेशी तथा स्थानीय समुदायहरुलाई एकआपसको जनजीवन, रहनसहनका साथै विविध पक्षको बारेमा जानकारी लिनेदिने कार्य भएको होम स्टेमा संलग्न विदेशी नागरिक भन्नुहुन्छ। यस होमस्टे कार्यक्रमको लागि युथ कर्नर क्लबसंग सहकार्य गरिएको थियो। यसरी यस कार्यक्रमबाट एकातिर साँस्कृतिक आदान प्रदानमा सहयोग पुऱ्याएको छ भने अर्कोतिर समुदाय, स्थानीय क्लब तथा सुपको कोषवृद्धि योजनामा सहयोग पुगे को छ। वि.सं. २०५९ सालदेखि शुरु भएको होम स्टे कार्यक्रममा हाल २०७० असार मसान्तसम्म १६८ जना विदेशीहरू सहभागी भई सकेका छन्।



**२०७० सालको शुभ-विजया दशमी, ने.सं. ११३४**
तथा
**शुभ दिपावली**को उपलक्ष्यमा
सम्पूर्ण "सुप" संस्थाका हितैषी, सहयोगी सदस्यहरू तथा विभिन्न संघ-संस्थाहरूमा
**हार्दिक मंगलमय शुभ-कामना।**

शहरी गरीबहरूको लागि समाज "सुप" परिवार

## शहरी गरीबहरूको लागि समाज (सुप)



गुजेश्वरी श्रेष्ठ
संस्थापक तथा संरक्षक

## सञ्चालक समितिका पदाधिकारीहरू (२०६९ देखि २०७१ सम्म)



पूर्णबहादुर महर्जन
अध्यक्ष



महेन्द्र शाक्य
नि. वर्तमान अध्यक्ष



विजया राजवैद्य
उपाध्यक्ष



विजय मल्ल
सचिव



श्रीकृष्ण महर्जन
कोषाध्यक्ष



सानुमैया महर्जन
सदस्य



बलराम महर्जन
सदस्य



इन्द्रमुनि शाक्य
सदस्य



भुषणसागर श्रेष्ठ
सदस्य



जानकी खड्का
सदस्य

## सहयोगी सदस्यहरूको फोटो परिचय



लक्ष्मी श्रेष्ठ (निर्जला)



चन्दा खड्का



लक्ष्मी कुमारी श्रेष्ठ



साहना के.सी.



सानुमैया श्रेष्ठ



जमुना कुमारी भुजेल



धर्म चन्द थापा



प्रशित स्थापित



विना शाक्य के.सी.

शहरी गरीबहरूको लागि समाज (सुप), साँचल-२, सानेपा, ललितपुर | फोन नं. ५५४५४६८ | Email : soup@ntc.net.np | पो.ब.नं. ७५०८